मिति :- २०८०/०३/०६ गते

समय :- दिउँसो ठीक ४:३० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको १९ औं बैठक नगर प्रमुख श्री पुष्प बादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

## अन्य उपस्थिति

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| २६ | मिन बि. के. प्री. | सवि-इन्जिनियर | |
| २७ | पवित्रा पोखरेल | म. वि. नि. | |
| २८ | सीता थापा | योजना (प्रशासन अधिकृत) | |
| २९ | मेलिना रोकाय | प्र. स. वि. नि. | |
| ३० | विनोद ढकाल | पशुपा सहायकर्ता | |
| ३१ | राम बहादुर सुनार | ज. स्वा. नि. (स्वास्थ्य शाखा प्रमुख) | |
| ३२ | गोविन्द देउजा | सि. लेखापाल | |
| ३३ | धर्मराज खितर | IT officer | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मिति २०८०/०३/०६ गतेको नगर कार्यपालिकाको १९ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने। | |
| ३ | आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न प्राप्त सुझावहरूलाई समेत समेटेर यस कार्यपालिका बैठकमा पेस भएको मस्यौदालाई स्वीकृत गरी नगरसभामा पेस गर्ने। | |
| ४ | आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न प्राप्त सुझावहरूलाई समेत समेटेर यस कार्यपालिका बैठकमा पेस भएको मस्यौदालाई स्वीकृत गरी नगरसभामा पेस गर्ने। | |
| ४ | विनियोजन विधेयक, २०८० स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | यस चौरजहारी नगरपालिकाको विनियोजन विधेयक, २०८० स्वीकृत गरी आगामी नगरसभामा पेस गर्ने। | |
| ६ | आर्थिक विधेयक, २०८० स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक विधेयक, २०८० स्वीकृत गरी नगरसभामा पेस गर्ने | |
| ७ | आर्थिक वर्ष २०८०/०८१ देखि | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष | |

पुष्प वादी

| | | | |
|---|---|---|---|
| | २०८२/०८३ को मध्यकालीन खर्च संरचना स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | २०८०/०८१ देखि २०८२/०८३ को मध्यकालीन खर्च संरचना स्वीकृत गरी नगरसभामा पेस गर्ने। | |
| ८ | चौरजहारी नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० स्वीकृत गरी नगरसभामा पेस गर्ने । | |
| ९ | चौरजहारी नगरपालिका उद्योग बोर्ड गठन गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगपालिकाको उद्योग सञ्चालन ऐन, २०७९ को दफा ७ बमोजिम उद्योग बोर्ड गठन गर्ने। | |
| १० | स्यार्पु पावर कम्पनीमा सेयर खरिद गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका रुकुम (पश्चिम) ले स्यापूपावर कम्पनी लिमिटेडबाट सेयर कित्ता खरिद गरी सो वापतको रकम भुक्तानी दिने। | |
| ११ | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव। | १. आर्थिक वर्ष २०७९/०८० मा जनता आवास कार्यक्रम कार्यान्वनयका लागि यस चौरजहारी नगरपालिका वडा नं. ५ निवासी अमृता कामीको जग्गाअनुसारको डिजाइन परिवर्तन गरी घर निर्माणको लागि सम्बन्धित कार्यालयमा लेखि पठाउने।<br><br>२. दुषित जग्गा दर्ता निर्णय बदर मुद्धामा कानुनी व्यवसायीको काम गरेवापत कानुनी व्यवसायीलाई रकम भुक्तानी गर्ने।<br><br>३. चौरजहारी नगरपालिका वडा नं. १३ बस्ने मीरा घर्तीको छोरा विधान वि.क. को मृत्यु भएकोले शवको पोष्टमार्टका लागि अस्पतालसम्म लिन ल्याउन आर्थिक सहायता प्रदान गर्ने। | |

पुष्प वादी

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| | | ४.चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार सञ्चालित प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित योजनाहरूको अनुगमन तथा सुपरीवेक्षणको लागि खटिएको अनुगमन टोलीलाई गाडी भाडामा लिए वापत् सम्झौतामा उल्लेखित रकम भुक्तानी दिने।<br><br>५.आर्थिक वर्ष २०७९/०८० मा सङ्घ सरकारबाट औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापन वडा नं. ११ चौरजहारी रुकुम शीर्षकमा प्राप्त बजेट कार्यान्वयनका लागि प्राप्त परामर्श सेवाको प्रतिवेदन र सोको कार्यान्वयन अनुमोदन गर्ने। | |

शेरप्रसाद तकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

## मिति २०८०/०३/०६ गतेको १९ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा इमेल, टेलिफोन र सरोकारवालाहरूको उपस्थितिमा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न प्राप्त सुझावहरूलाई समेत समेटेर यस कार्यपालिका बैठकमा पेस भएको मस्यौदालाई स्वीकृत गरी नगरसभामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा इमेल, टेलिफोन र सरोकारवालाहरूको उपस्थितिमा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न प्राप्त सुझावहरूलाई समेत समेटेर यस कार्यपालिका बैठकमा पेस भएको मस्यौदालाई स्वीकृत गरी नगरसभामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'विनियोजन विधेयक,२०८० स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र विनियोजन गर्न यस चौरजहारी नगरपालिकाको विनियोजन विधेयक, २०८० स्वीकृत गरी आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'आर्थिक विधेयक, २०८० स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने र आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्ने उद्देश्यले तयार गरिएको चौरजहारी नगरपालिकाको आर्थिक विधेयक, २०८० स्वीकृत गरी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'आर्थिक वर्ष २०८०/०८१ देखि २०८२/०८३ को मध्यकालीन खर्च संरचना स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व, विकास योजनाको प्राथमिकताको क्षेत्रमा लगानी सुनिश्चिता, स्रोत साधनको विनियोजन प्रक्रियाको पुर्नसंरचना र प्राथमिकता निर्धारण, सार्वजनिक खर्चलाई प्रभावकारी र कुशल बनाउनका लागि तयार गरिएको यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ देखि २०८२/०८३ को मध्यकालीन खर्च संरचना स्वीकृत गरी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ **'चौरजहारी नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्र रहेका वनहरूलाई सामुदायिक निजी अधिकारको सुनिश्चितता, जलवायु परिवर्तन न्यूनीकरण एवम् अनुकुलन, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्धन र पर्यटन र वन उद्यमको विकास गर्दै वन पैदावारको सदुपयोग गर्न बनेको चौरजहारी नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० स्वीकृत गरी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** : प्रस्ताव नं. ९ **'चौरजहारी नगरपालिका उद्योग बोर्ड गठन गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा स्थानीय कच्चा पदार्थ र जनशक्तिको उपयोग, आयातप्रतिस्थापन र निर्यात प्रवर्धनमा जोड दिदै औद्योगिक वस्तु वा सेवाको उत्पादन र रोजगारीका अवसरमा अभिवृद्धि गर्न चौरजहारी नगरपालिका आफैंले नगरपालिकामा उद्योगहरूको स्थापना, अनुमानयोग्य र प्रभावकारी व्यवस्थापन गरी गतिशील र सबल अर्थतन्त्र निर्माण गर्न तथा आन्तरिक राजश्वमा वृद्धि गर्नुका साथै सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा औद्योगिक वस्तु उत्पादन र विक्री वितरण गर्न बनेको चौरजहारी नगपालिकाको उद्योग सञ्चालन ऐन, २०७९ को दफा ७ बमोजिम सदस्य सचिवसहित दुई जना थप्ने गरी तपसिलबमोजिमको उद्योग बोर्ड गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | नामथर | पद | क्षेत्र |
|---|---|---|---|
| १ | श्री पुष्प वादी | अध्यक्ष | नगर प्रमुख |
| २ | श्री जयलाल महतारा | उपाध्यक्ष | मनोनयन |
| ३ | श्री टीकाराम ओली | सदस्य | कार्यपालिका सदस्य |
| ४ | श्री लक्ष्मी सुनार | सदस्य | कार्यपालिका सदस्य |
| ५ | श्री तिलक शर्मा | सदस्य | उद्योग तथा वाणिज्य क्षेत्र |
| ६ | श्री लोकेन्द्र परियार | सदस्य | उद्योग वाणिज्य क्षेत्र |
| ७ | श्री लालबहादुर बिष्ट | सदस्य | समाजसेवी वुद्धिजीवि |

**निर्णय नं. १०** : प्रस्ताव नं. १० **'स्यार्यु पावर कम्पनीमा सेयर खरिद गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा परियोजना कार्यान्वयन पश्चात् दीगो आम्दानीका लागि यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) ले स्यापूपावर कम्पनी लिमिटेडबाट सेयर कित्ता ७४ हजारको कुल सेयर रकम रु. ७४,००,०००। (चौहत्तर लाख) सेयर खरिद गरी सो वापतको रकम भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ११ :** प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा पूर्वाधार विकास कार्यालय रुकुम (पश्चिम) को आर्थिक वर्ष २०७९/०८० मा जनता आवास कार्यक्रम कार्यान्वनयका लागि यस चौरजहारी नगरपालिका वडा नं. ५ निवासी अमृता कामी लाभग्राहीका रुपमा छनोट भएको तर उक्त कार्यालयको मापदण्डअनुसार निजको पर्याप्त नभएकोले जग्गाअनुसारको डिजाइन परिवर्तन गरी घर निर्माणको लागि सम्बन्धित कार्यालयमा लेखि पठाउने निर्णय गरियो।

**निर्णय नं. १२ :** प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा साविक रुकुम जिल्ला विजयश्वरी गा.वि.स. वडा नं. ३ हाल चौरजहारी नगरपालिका वडा नं. १ मा रहेको प्राकृतिक रुपमा बिगो खुल्न नसक्ने २०४९ मा सर्वे नापी भएका रुकुम जिल्ला अदालतको मिति २०७६ भाद्र ३० र उच्च अदालत सुर्खेतको मिति २०७८ पुस ११ गतेको फैसलाका लागि चौरजहारी नगरपालिकाको तर्फबाट वादी सुदास स्वर्णकार र मोतिराम भाटसमेत ९ जना प्रतिवादी भएको दुषित जग्गा दर्ता निर्णय बदर मुद्धामा कानुनी व्यवसायीको काम गरेवापत कानुनी व्यवसायी श्री यक्कबहादुर पाण्डेलाई निजको निवेदनमा उल्लेख भएबमोजिम रु.

१,३५,०००। (एक लाख पैंतीस हजार) रकम आर्थिक वर्ष २०७९/०८० मा विनियोजित जग्गा प्राप्ति खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १३ :** प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका वडा नं. १३ बस्ने मीरा घर्तीको छोरा विधान वि.क. को मृत्यु भएको र निजको आर्थिक अवस्था कमजोर भइ शवको पोष्टमार्टका लागि अस्पतालसम्म लिन ल्याउन समस्या भएकोले भाडा वापतको रकम रु. १५ हजार विपद व्यवस्थापन कोषको रकमबाट आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. १४ :** प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार सञ्चालित प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित योजनाहरूको अनुगमन तथा सुपरीवेक्षणको लागि नगर उपप्रमुखको संयोजकत्त्वमा खटिने अनुगमन टोलीलाई गाडी भाडामा लिए वापत् सम्झौतामा उल्लेखित रकम उक्त योजनाहरूको कन्टेन्जेन्सी रकमबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १५ :** प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०७९/०८० मा सङ्घ सरकारबाट औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापन वडा नं. ११ चौरजहारी रुकुम शीर्षकमा प्राप्त बजेट कार्यान्वयनका लागि माहुरी नेपाल प्रा.लि. बाट प्राप्त परामर्श सेवाको प्रतिवेदन र सोको कार्यान्वयन अनुमोदन गर्ने निर्णय गरियो।

**बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।**

शेरप्रसाद ल्काल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख